मिति २०७८/०६/१६

ISPAN

# प्रेश विज्ञप्ति

**आदरणीय ग्राहक महानुभावहरु,**

आज मिति २०७८/०६/१६ गते नेपाल विद्युत प्राधिकरणले सुनियोजित रुपमा भरतपुर, बुटवल, काठमाडौं, विराटनगर, धरान, धनकुटा, ताप्लेजुङ्ग, खाडीचौर, धनगढी लगायतका देशका मुख्य मुख्य ठाउँहरुमा, अति आवश्यक इन्टरनेट सेवालाई अवरोध पुर्याउने उद्देश्यका साथ इन्टरनेट सेवा प्रवाह गरिरहेको फाईबर-तार काटेको छ।नेपाल सरकारले अति आवश्यक सेवाको रुपमा स्थापित गरिसकेको इन्टरनेट सेवालाई खिल्ली उडाएर र राज्यको कानुन भन्दा पनि माथि उभिएर दूरसञ्चार ऐन, २०५३ लाई समेत उल्लङ्घन गर्दै इन्टरनेट ठप्प पार्ने हेतुले नेपाल विद्युत प्राधिकरण र प्राधिकरणका कर्मचारीहरुले यस्ता किसिमका गैरकानुनी क्रियाकलपहरु गरेका छन्।

अझ भरतपुर र विराटनगरमा : विद्युत प्राधिकरणका भरतपुर वितरण केन्द्र/शाखा कार्यालय र विराटनगर वितरण केन्द्र/ शाखा कार्यालयहरुका कर्मचारीहरुले इन्टरनेट ठप्प पार्न अनेकन गैरकानुनी क्रियाकलाप गर्दै मुख्य मुख्य ठाउँको इन्टरनेट सेवा प्रवाह गरिरहेको फाईबर-तार छानी छानी काटेका छन्। यस कारणले गर्दा अहिले हामी नीजि क्षेत्रका इन्टरनेट सेवा प्रदायकहरुको इन्टरनेट सेवा प्रणालीमा ठूलो क्षती पुगेको छ भने, फाईबर-तार काटेर, मर्मत कार्यमा समेत अवरोध पुर्याउन खटिएका प्राधिकरणका कर्मचारीहरुले गर्दा इन्टरनेट सेवा प्रवाह गर्न नसक्ने अवस्था,विद्युत प्राधिकरणले सृजना गराएको छ। यसकारण यी क्षेत्रमा इन्टरनेट ठप्प हुन पुगेको कुरा ग्राहक महानुभावहरुमा जानकारी गराउदछौं।

अहिलेको समयमा देशका विभिन्न भागमा पनि इन्टरनेट सेवा प्रवाह गर्न हामीलाई हम्मेहम्मे परिरहेको अवस्था छ। वर्तमान कोभिड-१९ को महामारीमा अनलाईन शिक्षा, बैङ्किङ्ग, रोजगारी, स्वास्थ्य,

Pulchowk, Lalitpur, GPO 9875 EPC 5368, Kathmandu, Nepal
Tel: +9779849024649 E-mail: info@ispan.net.np, URL: www.ispan.net.np

विमान/विमान स्थल जस्तो संवेदनशिल क्षेत्रलाई जोडेको इन्टरनेटलाई अवरोध गर्ने विद्युत प्राधिकरणको क्रियाकलपहरु अक्षमय रहेको छ | यो अवस्था सृजित गर्ने विद्युत प्राधिकरण नै सबै घटनाको कारक तत्व, कारण र जिम्मेवारी लिनु पर्ने अक्षमय निकाय भएको पनि ग्राहक महानुभावहरुमा जानकारी गराउदछौं |

**ग्राहक महानुभावहरुले थाहा पाउनु पर्ने कुरा :**

नेपाल विद्युत प्राधिकरणले अचाक्ली(७ गुणासम्म) पोल भाडादर वृद्धि गरेपछि, ग्राहक महानुभावहरुलाई इन्टरनेटको मूल्य बढ्न सक्ने देखियो |ग्राहक महानुभावहरुलाई यो भार पर्न नदिन यसको पहलका लागि इन्टरनेट सेवा प्रदायक संघले नेपाल दूरसंचार प्राधिकरण, संचार तथा सूचना प्रविधि मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय समक्ष्य अपिल गर्यो | तत् तत् उच्च निकायहरुले छलफल/वार्ता गरी निकाश निकाल्न निधो गरेर विद्युत प्राधिकरणलाई वार्तामा वोलाई वैज्ञानिक रुपमा भाडादर निर्धारण गर्न अघि बढिरहेको वर्तमान समयमा; सबै कुराको वेवास्था गरी एकहोरो ढङ्गले देशभरि इन्टरनेट सेवा अवरोध गर्न नियोजित रुपले प्राधिकरण अग्रशर छ |

तसर्थ, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,संचार तथा सूचना प्रविधि मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, नेपाल दूरसंचार प्राधिकरणले इन्टरनेट सेवा प्रवाह गर्ने बातावरण सुनिश्चित नगरेसम्म र विद्युत प्राधिकरणको देशभरि इन्टरनेट सेवा अवरोध गर्ने गतिविधि नरोकेसम्म देशमा इन्टरनेट सेवा प्रवाह गर्ने अवस्था नरहेको पनि ग्राहक महानुभावहरुमा दुखित हृदयका साथ यो प्रेश विज्ञप्ति मार्फत जानकारी गराउदछौं |

यो अवस्थाबाट निकाश निकाल्न इन्टरनेट सेवा प्रदायक संघले आफ्ना सम्पूर्ण संयन्त्रलाई प्रयोग गरिरहेको पनि जानकारी गराउदछौं |

ISPAN

भवदीय,

सुधिर पराजुली

अध्यक्ष

Pulchowk, Lalitpur, GPO 9875 EPC 5368, Kathmandu, Nepal
Tel: +9779849024649 E-mail: info@ispan.net.np, URL: www.ispan.net.np